"हरित नगर, समृद्ध दमक"
# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दमक-झापा
१ नं. प्रदेश, नेपाल

☎ : ०२३-५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं.: ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं.
च.नं. ६२५२

## आन्तरिक आय संकलन ठेक्का आव्हानको सूचना
### (दोस्रो पटक प्रकाशित मिति २०७९/०३/११

यस दमक नगरपालिकाको आ.ब. २०७९/०८० का लागि आन्तरिक आय कृषि तथा पशुपंक्षीजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने **पशुहाट कर** संकलनका लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकाले सम्वन्धित सबैको जानकारीको लागि तपशिल अनुसारका शर्तहरु उल्लेख गरी पून दोस्रो पटकका लागि सूचना प्रकाशित गरीएको छ । **पशुहाट कर संकलन** ठेक्का लिन चाहने कम्पनी/फर्महरुले तपशिलको सेवा शर्तका वन्देजमा रही गोप्य शिलवन्दी बोलपत्र फारम र बिद्युतीय माध्यम (ई-बिड) वाट समेत पेश गर्ने गरी यो सूचना प्रकासित गरिएको छ ।

### तपशिल

| क्र.सं. | ठेक्का नं. | बिवरण | न्यूनतम ठेक्का अंक १३% भ्याट सहित | धरौटी | बोलपत्र दस्तुर रु. | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फारम दर्ता गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १ | DAMAK/JHAPA/PSH/080/078/079 | (कृषि तथा पशुपंक्षीजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने) पशुहाट कर संकलन | रु.१,६१,७०,०००।- | ५% | ३०००/- | दोश्रो पटक सूचना प्रकाशित भएको मितिले १५ दिन सम्म | सूचना प्रकाशित भएको मिति देखि फाराम खरिद गर्ने अन्तिम मितिको भोलीपल्ट दिउँसो १२:०० बजे सम्म |

**शर्तहरु :-**

१. पशुहाट कर संकलन ठेक्काको बोलपत्र फारम माथी उल्लेखित मिति भित्र तोकिएको दस्तुर (फिर्ता नहुनें कार्यालयमा वा तोकिएको बैकको आन्तरिक श्रोत खाता नं. २१४०१००३०१०१०००२ मा बुझाई कार्यालय समय भित्र मु.अ.क. (भ्याट) मा र दमक नगरपालिका क्षेत्र भित्रका फर्महरु भए नगरपालिकामा दर्ता भएका कम्पनी/फर्महरुले खरिद गर्न सक्नेछन ।

२. ई-बिडको हकमा बोलपत्र फारम खरिद गरेको मिति देखि वोलपत्र खरीद गर्ने अन्तिम मितिको भोलीपल्ट अपरान्ह १२:०० बजे सम्म शिलबन्दी बोलपत्र फारम दर्ता गर्न सकिने र हार्डकपिको हकमा माथि तालिकामा उल्लेख भए बमोजिम हुनेछ ।

३. दर्ता हुन आएका शिलवन्दी बोलपत्रहरु बोलपत्र दर्ता हुने अन्तिम दिनको १:०० बजे कार्यालयका प्रतिनिधी र कम्पनी/फर्मका संचालक वा निजको प्रतिनिधिको रोहवरमा खोलीने छ तर कम्पनी/फर्मका संचालक वा निजको प्रतिनिधी उपस्थित नभएपनि उल्लेखित आय ठेक्काका बोलपत्रहरु खोल्न बाधा पर्ने छैन ।

४. बोलपत्र दर्ता गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुले पछि बोलपत्र दर्ता गर्ने र खोल्ने पूर्व निधारीत समय कायम रहने छ ।

५. उल्लेखित बोलपत्रहरु कम्पनी/फर्मले खरिद गर्दा संचालकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी, फर्म नविकरण भएको प्रमाणित प्रतिलिपी, स्थानीय फर्मको हकमा न.पा.मा दर्ता भएको व्यवशाय कर प्रमाणपत्र नविकरणको प्रतिलिपी, स्थायी लेखा नंम्वरको प्रमाणित प्रतिलिपी, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी तथा काम गरेको भए अनुभवको प्रमाणपत्र संलग्न हुनु पर्नेछ ।

६. बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको आय ठेक्का अंकको ५% धरौटी रकम दमक नगरपालिकाको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक दमकको धरौटी खाता हि.नं. २१४०१००३०३००००२ मा रकम जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र वैकबाट मान्यता प्राप्त बैकले जारी गरेको १२० (एक सय बीस) दिन म्याद भएको बिडबण्डको सक्कलै प्रति पेश गर्नुपर्ने छ ।

७. पशुहाट कर संकलन ठेक्का सम्बन्धमा प्रचलित कानून अनुसारका बुझाउनु पर्ने कर, दस्तुर, महशुल कम्पनी/फर्म पक्षवाट बुझाउनु पर्ने छ र सो को फरफारकको प्रमाण कार्यालयमा पेश गरे पछि मात्र निजले ठेक्का कबोल गर्दा राखेको धरौटी फिर्ता वा फुकुवा गरीनेछ ।

शशि राई

"हरित नगर, समृद्ध दमक"

# दमक नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दमक-झापा
१ नं. प्रदेश, नेपाल

☎ : ०२३-५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं.: ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं.
च.नं. 6322

८. ठेक्का स्विकृत भएको जानकारी सम्वन्धित पक्षलाई ७ (सात) दिन भित्र गराईने छ । जानकारी पाएको १५ (पन्ध्र) दिन भित्र नगरपालिकामा सम्पर्क गरी बोलपत्रदाताले सम्झौता गरी सक्नु पर्नेछ । सम्झौता गर्नु पूर्व कवोल गरेको सम्पूर्ण रकम र नियमानुसारको मु.अ.करको रकम एकमुष्ठ बुझाई सम्झौता गरेमा कबोल गरेको रकमको १०% सम्म छुट दिन सकिनेछ । एकमुष्ठ रकम नबुझाएको खण्डमा कवोल गरेको मु.अ.कर सहितको कुल रकमलाई ३ (तीन) किस्ता कायम गरी किस्ता बमोजिमको रकम यस नगरपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्नु पर्ने र बाँकी रकमको हकमा नेपाल सरकारवाट मान्यता प्राप्त बैकबाट २०८० श्रावण मसान्तसम्म म्याद भएको बैक ग्यारेन्टी (परफरमेन्स बण्ड) पेश गरी सम्झौता गर्नु पर्नेछ ।

९. बोलपत्रदाताले किस्ता बुझाउदा पहिलो किस्ता सम्झौता गर्नु पूर्व, दोश्रो किस्ता २०७९ कार्तिक मसान्त, तेश्रो किस्ता २०७९ फागुन मसान्त भित्र बुझाई सक्नु पर्नेछ । प्रत्येक किस्ता बुझाउदा मु.अ.कर सहितको रकम बुझाउनु पर्नेछ ।

१०. बोलपत्रदाताले यस कार्यालयलाई तोकिएको अबधि भित्र अर्थात २०७९ साल फागुन मसान्त भित्र ठेक्काको सम्पूर्ण किस्ता रकम नबुझाएमा ठेकेदारद्धारा कार्यालयमा पेश गरीएको परफरमेन्स बण्ड जारी गर्ने बैकबाट उक्त बाँकी किस्ता रकम असुल गरीने छ ।

११. ठेकेदारले राखेको अग्रीम धरौटी रकमलाई किस्तामा मिलान गर्न पाईने छैन ।

१२. कावुबाहिरको परीस्थीती परी आय ठेक्काको कर असुली प्रभावित भएमा बोलपत्र दाताले यस कार्यालयमा निवेदन दिन सक्नेछ छ । त्यसरी प्रभावित भएको/नभएको सम्बन्धमा यस कार्यालयले आवश्यकताका आधारमा समिति गठन गरी सो समितिवाट प्राप्त स्थलगत प्रतिवेदनलाई आधार मानी आवश्यक कार्यवाही गर्नेछ ।

१३. आय संकलन गर्दा तोकेको दर भन्दा बढि लिन पाईने छैन, बढी लिएको पाईएमा वा ठहरेमा ठेकेदारलाई जरिवाना अशुल गरी आवश्यक कारवाही समेत गर्न सकिनेछ ।

१४. कर संकलनको ठेक्का संचालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्याएमा सो को हर्जना अशुल गरी कम्पनी/फर्मलाई आवश्यक कारवाही हुने छ ।

१५. बोलपत्र स्विकृत भएको जानकारी पाए पश्चात तोकिएको समयवाधि भित्र कबुलियत, संम्झौता गरी पट्टापुर्जी (ईजाजत पत्र) नलिएमा कम्पनी/फर्मले राखेको धरौटी जफत गरिने छ र अन्यको हकमा प्रचलित कानून र नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

१६. पहिलो बोलपत्रदाताको ठेक्का स्वीकृत भई नियम अनुसारको प्रकृया पुरा गरि ठेक्कामा सम्झौता नगरे सम्म दोश्रो र तेश्रो बोलपत्रदाताको धरौटी रकम फिर्ता गरीने छैन र पहिलो बोलपत्रदाताको ठेक्का अंकमा अन्य ठेकेदारको धरौटीबाट हिसाव मिलान गर्न पाइने छैन ।

१७. पशुहाट बजार केन्द्रमा आवश्यक पर्ने व्यवस्थापकिय कार्य बोलपत्रदाता आफैले मिलाउनु पर्नेछ ।

१८. पशुहाट कर संकलनको ठेक्का सम्बन्धमा कुनै किसिमको बिवाद भएमा यस कार्यालयको निर्णय अन्तिम निर्णय हुनेछ ।

१९. रित नपुगेको वा म्याद नाघेर आएको बोलपत्र उपर कुनै कार्यवाही गरीने छैन् ।

२०. पशुहाट करको ठेक्का संकलन गर्दा प्रयोग गरिने रसिद, कर्मचारी समेतको व्यवस्था कम्पनी/फर्म आफैले गर्नु पर्नेछ ।

२१. पशुहाट करको ठेक्का संकलन गर्दा प्रयोग गरिने रसिदमा कार्यालयको अनिवार्य छाप लगाएर मात्र प्रयोग गर्न पाईनेछ । छाप नलगाई कर रसिद प्रयोग गरेको पाईएमा ठेकेदारलाई नियमानुसार कारवाही गरिने छ ।

२२. पशुहाट करको ठेक्का सम्वन्धी यस कार्यालयवाट प्रकाशित सूचना सम्बन्धित सबैका लागि मान्य हुनेछ ।

२३. पशुहाट करको ठेक्का अवधि सम्झौता भएको मितिदेखि २०८० असार मसान्तसम्म हुनेछ ।

२४. सम्झौताका सबै शर्तहरु र ठेक्काका प्रक्रिया प्रचलित कानुन बमोजिम हुनेछ ।

२५. पशुहाट करको दर दमक नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

२६. पर्न आएका वोलपत्रहरु स्वीकृत गर्ने/नगर्ने लगायत ठेक्का सम्वन्धि निर्णय गर्नु पर्ने सम्पुर्ण अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

२७. यस सूचनामा छुट हुन गएका अन्य कुराहरु प्रचलित ऐन कानून अनुसार हुनेछ ।

२८. अन्य बिस्तृत जानकारीका लागि दमक नगरपालिका कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

शशि राई
प्रमुख प्रशासकीय अधिकृत

शशि राई
प्रमुख प्रशासकिय अधिकृत